## साझेदारहरू

### डब्लुडब्लुएफ नेपाल

पाँच दशक अघिदेखि विश्वका १०० देशमा संरक्षणको क्षेत्रमा क्रियाशील एक अग्रणी संस्था डब्लुडब्लुएफले सन् १९६० को दशकदेखि नेपालमा संरक्षणको क्षेत्रमा काम गरिरहेको छ। नेपालका तराई भू–परिधि, पवित्र हिमाली भू–परिधि अन्तर्गत कोशी नदी वेसिन र चितवन अन्नपूर्ण भू–परिधिमा कार्य गर्दै आएको यस संस्थाले वन्यजन्तु तथा वनस्पतिका महत्त्वपूर्ण प्रजाती, वन तथा स्वच्छ जलसम्पदाको संरक्षण गर्नुका साथै समुदाय, प्रजाती तथा पर्यावरण प्रणालीमा जलवायु परिवर्तनको नकारात्मक असरलाई कम गर्न भूमिका पनि खेल्दै आएको छ। यसका साथै दिगो जीविकोपार्जन, संचार र संरक्षण शिक्षाका कार्यक्रम मार्फत संरक्षणका लागि महत्त्वपूर्ण राष्ट्रिय र क्षेत्रगत नीतिहरूमा सकारात्मक सुझाव प्रदान गर्न नीतिगत पैरवीको कार्य पनि अघि बढाइरहेको छ। यसका लागि डब्लुडब्लुएफ नेपालले डब्लुडब्लुएफ सञ्जालका विभिन्न कार्यालयहरूसँग सहकार्य गर्दै आएको छ। डब्लुडब्लुएफ फिनल्याण्ड डब्लुडब्लुएफ नेपालको एक महत्त्वपूर्ण साझेदार हो। डब्लुडब्लुएफ फिनल्यान्ड र डब्लुडब्लुएफ नेपाल सन् २००४ देखि नेपालमा संरक्षण र विकासको क्षेत्रमा विभिन्न परियोजनामार्फत सँगसँगै काम गर्दै आएका छन्।

### बीडब्लुआई आवद्ध समिति, नेपाल

बीडब्लुआई निर्माण, निर्माण सामग्री, काष्ठ, वन तथा सम्वद्ध क्षेत्रमा कार्यरत स्वतन्त्र र लोकतान्त्रिक श्रमिकहरूको विश्वव्यापी सङ्गठन हो। जस अन्तर्गत १३० देशमा ३२८ सङ्गठनहरू र एक करोड २० लाख सदस्य छन्। यसको मुख्य लक्ष्य वन, निर्माण, प्लम्बिङ र पेन्टिङ क्षेत्रका श्रमिक तथा ट्रेड युनियनहरूलाई सङ्गठित गर्दै दिगो विकासको सन्दर्भमा उनीहरूका अधिकारलाई प्रभावकारी बनाउनु हो। नेपालमा सन् २००२ मा बीडब्लुआईमा आवद्ध युनियनको संयुक्त समितिको रूपमा बिडब्लुआई आवद्ध समिति नेपालको स्थापना भयो। बीडब्लुआई आवद्ध समिति नेपालले भवन, काष्ठ तथा निर्माण क्षेत्रमा काम गर्दै आएको छ। बीडब्लुआई आवद्ध समिति नेपालमा नेपाल निर्माण तथा सम्वद्ध श्रमिक संघ (काउन) र नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन (क्युपेक-नेपाल) सम्मिलित छन् । काउनमा हालसम्म ४३ जिल्लाका एक लाख २५ हजार सदस्य आवद्ध छन् भने क्युपेक-नेपालमा ६० जिल्लाका एक लाख ३५ हजार सदस्य आवद्ध छन्।

### फिनल्यान्ड ट्रेड युनियन ऐक्यवद्धता केन्द्र (सास्क)

फिनल्यान्ड ट्रेड युनियन ऐक्यवद्धता केन्द्र (सास्क) फिनिस ट्रेड युनियनहरू र यसका आवद्ध युनियनहरूको केन्द्रीय संस्थाको रूपमा सन् १९८६ मा स्थापना भएको हो। स्थापनाकालदेखि नै यसले फिनल्यान्ड र अन्तर्राष्ट्रिय तहमा पनि विभिन्न परियोजनाहरूलाई सहयोग गर्दै श्रमिक र ट्रेड युनियनको वृहत्तर हित, उनीहरूका हक अधिकारको संरक्षण तथा विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। हाल सास्कले ४० भन्दा बढी देशहरूमा ५५ ओटा परियोजना सञ्चालन गरिरहेको छ। ट्रेड युनियनहरूलाई सशक्तीकरण गरेर तथा श्रमिक तथा श्रमिक सङ्गठनहरूलाई सहयोग गरेर विकासशील देशमा आर्थिक र सामाजिक समानता स्थापित गर्नु यस संस्थाको लक्ष्य रहेको छ। क्रियाशील नागरिक समाजको लागि सबल र लोकतान्त्रिक ट्रेड युनियन आन्दोलन एउटा महत्त्वपूर्ण आधारशिला हुनेमा सास्क विश्वस्त रहेको छ। आफ्नै सदस्यहरूको अधीनमा रहेको तथा आर्थिक रूपमा पनि आफ्नै सदस्यहरूमा निर्भर रहेका स्वतन्त्र र सबल ट्रेड युनियनहरूलाई सहयोग गरेर तिनीहरूको प्रवर्द्धन र विकास गर्न सकिएमा अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ भन्ने मान्यता राख्ने सास्कले यस कार्यका लागि अन्य ट्रेड युनियन ऐक्यवद्धता सहयोग संस्थाहरूसँग पनि सहकार्य गर्दै आएको छ।


**डब्लुडब्लुएफ नेपाल**
पो. ब. नं. ७६६०
बालुवाटार, काठमाण्डौ, नेपाल
फोन : +९७७ १ ४४३४८२०
फ्याक्स : +९७७ १ ४४३८४५८
इमेल : info@wwfnepal.org
वेब पेज : www.wwfnepal.org

**बीडब्लुआई आवद्ध समिति, नेपाल**
पो. ब. नं. १३१४५
अनामनगर, काठमाण्डौ, नेपाल
फोन : +९७७ १ ४१०४१९४
इमेल : bwinac@gmail.com


WWF NP 2012

BWI AFFILIATES COMMITTEE, NEPAL | sask Trade Union Solidarity Centre of Finland | MINISTRY FOR FOREIGN AFFAIRS OF FINLAND


© Juha-Pekka Kervinen

# मर्यादित काम : स्वस्थ वातावरण

## दिगो प्राकृतिक स्रोत व्यवस्थापनका लागि सङ्गठित युनियनहरूमार्फत् वन क्षेत्रसम्वद्ध श्रमिकहरूको परिचालन

नेपालमा दिगो वन व्यवस्थापन तथा जैविक विविधता संरक्षणका लागि गाउँदेखि केन्द्रसम्म रहेका विभिन्न सरोकारवालाहरूबीच सुमधुर सम्बन्ध, समन्वय र साझेदारी आवश्यक छ। यसका कार्यका लागि वन क्षेत्रमा कार्यरत सङ्गठित र असङ्गठित सबै श्रमिकहरू महत्त्वपूर्ण सरोकारवालाका रूपमा रहनेछन्। वनसम्वद्ध श्रमिकहरूमा दिगो वन व्यवस्थापनका लागि आवश्यक पर्ने सीप र क्षमताको अभावमा वन फँडानी तथा प्राकृतिक स्रोतको दुरूपयोग हुने गरेको देखिन्छ।

अव्यवस्थित बसोबास, अनियन्त्रित वन फँडानी र वन डढेलो अनि पानीको स्रोतमा देखिएको प्रदूषणलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। जलवायु परिवर्तनका कारण यी स्रोतहरूमा पर्ने नकारात्मक असर बढ्दै गएको र स्रोतको अत्यधिक दोहनका कारण वन श्रमिकहरूलाई काम गर्न समेत कठिनाइ पर्दै गइरहेको अवस्था छ। वन श्रमिकहरूलाई वातावरणीय समस्याको बारेमा मात्र नभई स्वस्थ वातावरण र समृद्ध जीवनयापन बीचको सम्बन्ध बारेमा पनि उचित जानकारी दिनु जरुरी हुन्छ। यसका साथै उचित वन व्यवस्थापनका लागि श्रमिकहरूको सीप र दक्षता अभिवृद्धि गर्न दिगो वन व्यवस्थापन विधिबारेको सूचना प्रवाह पनि महत्त्वपूर्ण कार्यको रूपमा रहन्छ।



© Simon de Trey-White / WWF-UK

वन श्रमिकहरूमा व्यावसायिक स्वास्थ्य र सुरक्षाको विषयगत ज्ञानको अभाव छ। सम्भावित दुर्घटना, विपद् र अन्य व्यवसायजन्य कारणबाट चोटपटक लाग्ने, अपाङ्गता र अन्य स्वास्थ्यसम्बन्धी समस्याहरू देखिन सक्छन्, जसले कुनै पनि व्यक्तिको व्यावसायिक जीवनमा नै गम्भीर प्रभाव पार्न सक्छ। हालसम्म पनि सङ्गठित हुन नसकेका वन श्रमिकहरू, पर्याप्त सूचनाको अभावमा, आफ्ना हक अधिकारबारे जानकारी नै नपाई यसबाट विमुख हुने अवस्था आउन सक्छ।

अझ अस्थायी वा करारमा काम गर्ने अधिकांश श्रमिकहरू त मौखिक करारमा काम गरिरहेकाले रोजगारदाताले यस्ता कामदारको न्यूनतम तलब सुविधा, अतिरिक्त समयको पारिश्रमिक, कामको सुरक्षा तथा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका आधारभूत सिद्धान्तहरूको समेत पालना गरेका पाइँदैन। यसले गर्दा महिलालाई वन क्षेत्रसम्बद्ध उद्योगमा सहभागी हुन पनि समस्या परेको छ। वन क्षेत्रका श्रमिक असङ्गठित हुँदा मर्यादित र स्वस्थ काम गर्ने वातावरणका लागि रोजगारदातालाई दबाब दिन असहज भएको छ।

वन श्रमिकप्रतिको सकारात्मक व्यवहार र सहयोगी वातावरणबिना वनको उचित संरक्षण र दिगो व्यवस्थापन असम्भव छ। यस सन्दर्भमा ट्रेड युनियनहरूसँगको सहकार्यमा वन श्रमिक र काम गर्ने वातावरण दुवैलाई फाइदा हुने स्थितिको सिर्जना गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिन्छ।

## मर्यादित काम : स्वस्थ वातावरण

मर्यादित काम : स्वस्थ वातावरण वन क्षेत्रसम्बद्ध श्रमिकहरूलाई दिगो वन व्यवस्थापन र जैविक विविधता संरक्षणबारे शिक्षित बनाई उनीहरूको अधिकार र सुरक्षालाई सशक्तीकरण गरी वनको पर्यावरणीय महत्वमा सुधार गर्ने उद्देश्य रहेको एउटा महत्वाकाङ्क्षी परियोजना हो। यस परियोजनामार्फत वन संरक्षण र वन व्यवस्थापनको क्षेत्रमा काम गर्दै आएका दुई ठूला संस्थाहरूले संरक्षण र सामाजिक सुरक्षाका मुद्दालाई एकै धारमा ल्याएर दिगो वन व्यवस्थापनलाई बढावा दिने र वन विनाशलाई रोक्ने उद्देश्य लिएका छन्। यस परियोजनाले दैनिक जीविकोपार्जनका लागि पनि प्राकृतिक स्रोतमा निर्भर रहेका श्रमिकहरूलाई संरक्षण शिक्षा र सचेतना प्रदान गर्नुका साथै उनीहरूको सामाजिक सुरक्षाको समेत प्रवर्द्धन गर्दछ।

यस परियोजनाको व्यवस्थापन डब्लुडब्लुएफ नेपाल, फिनल्यान्ड ट्रेड युनियन ऐक्यवद्धता केन्द्र (सास्क) र बीडब्लुआई आवद्ध समिति नेपालले संयुक्त रूपमा गर्दै आएका छन्। सन् २०१२ देखि २०१४ सम्मको तीन वर्ष यस परियोजनालाई फिनल्याण्ड सरकार विदेश मन्त्रालयको आर्थिक सहयोग प्राप्त छ।

यस परियोजनामा डब्लुडब्लुएफ नेपालले संरक्षणका क्रियाकलापहरूमा सल्लाहकारको भूमिका निर्वाह गर्ने र आवश्यक अन्य ज्ञान र सीप प्रदान गर्ने छ भने सास्कले आफ्नो साझेदार संस्था बीडब्लुआई आवद्ध समिति नेपालमार्फत ट्रेड युनियनसँग सम्बन्धित कार्यहरू सम्पन्न गर्नेछ। परियोजनालाई सहज ढङ्गले सञ्चालन गर्नका लागि नेपाल सरकार र राष्ट्रियस्तरका ट्रेड युनियनहरूसँग समन्वय पनि गरिनेछ।

### परियोजनाका उद्देश्यहरू


वन क्षेत्रको दिगो विकासका लागि वन क्षेत्रसम्बद्ध ट्रेड युनियनहरू र संरक्षणको क्षेत्रमा क्रियाशील संस्थाहरूलाई एकै ठाउँमा ल्याउने प्रमुख उद्देश्य राखेको यस परियोजनाका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- दिगो वन व्यवस्थापनका लागि वन क्षेत्रसम्बद्ध ट्रेड युनियनहरूमा सचेतना तथा समझदारी अभिवृद्धि गर्ने।
- सदस्यता वृद्धि, सुरक्षित कामका सर्तहरू र सुधारात्मक वन संरक्षणमार्फत वन क्षेत्रसम्बद्ध ट्रेड युनियनहरू सशक्तीकरण गर्ने।
- प्रभावकारी व्यवस्थापन विधिको परिणामका रूपमा वनको पर्यावरणीय अवस्थामा सुधार गर्ने।
- दिगो वन विकास तथा ट्रेड युनियनको क्षमता अभिवृद्धिका लागि आवश्यक नीति निर्माण गर्न सरकारी निकायहरूसँग पैरवी गर्ने।

### कार्यक्षेत्र

यो परियोजना नेपालका दस जिल्लाहरू- कैलाली, बर्दिया, नवलपरासी, चितवन, मकवानपुर, बारा, काठमाडौँ, रसुवा, सिन्धुपाल्चोक र काभ्रेपलान्चोकमा कार्यान्वयन गरिनेछ।

यसअघि नै तराई भू–परिधि कार्यक्रम अन्तर्गत पर्ने तीनवटा जिल्लाहरू कैलाली, बर्दिया र नवलपरासीमा यसै किसिमको परीक्षण परियोजना "संरक्षण र सामाजिक विकासमा श्रम" सफलतापूर्वक कार्यान्वयन गरिसकिएको छ।







© WWF-Nepal/Rabi Sharma

### अपेक्षित परिणाम

- दिगो वन व्यवस्थापनका लागि सम्बन्धित ट्रेड युनियनहरूको क्षमता अभिवृद्धि हुनेछ।
- कार्यस्थलमा हुने दुर्घटनामा कमी आउनेछ।
- वन क्षेत्रसम्बद्ध ट्रेड युनियनको सदस्यता वृद्धि हुनुका साथै तिनको सञ्जाल विस्तार हुनेछ।
- वन डढेलो र गैरकानुनी वन फँडानीमा कमी ल्याई प्राकृतिक स्रोतको दिगो प्रयोग मार्फत प्रभावकारी वन व्यवस्थापनका कारण वनको अवस्थामा सुधार आउनेछ।
- वन क्षेत्रसम्बद्ध ट्रेड युनियनका सदस्यहरूलाई वन क्षेत्रमा जलवायु परिवर्तनको असरबारे जानकारी हुनेछ।
- जलवायु परिवर्तनका सामु दिगो वन व्यवस्थापनका लागि वन क्षेत्रसम्बद्ध ट्रेड युनियनहरूको महत्वपूर्ण भूमिका रहने कुरामा सरकार सचेत हुनेछ।
- नेपालमा दिगो वन व्यवस्थापनका लागि नेपाली ट्रेड युनियनहरूको महत्वपूर्ण भूमिका हुने कुरालाई मध्यनजर गर्दै नीति निर्माण गर्न सहयोग पुग्नेछ।
- वन क्षेत्रसम्बद्ध ट्रेड युनियनहरूका सदस्यता वृद्धि हुनुका साथै वन क्षेत्रका श्रमिकहरूका हक अधिकारमा सुधार हुनेछ।